फोन नं.: ०६७-४३०१०२, १०३, १०४

फलेवास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल

प.सं.: ०८२/८३
च.नं.:

## सूचना नं. ०६/२०८२-०८३
## तहवृद्धि सम्बन्धी सूचना ।।

मितिः २०८३/०३/१२

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ मा भएको तहवृद्धिको व्यवस्था बमोजिम तपशिलमा उल्लेखित सर्तहरु पूरा भएका फलेवास नगरपालिकामा कार्यरत स्थानीय सेवाका इच्छुक कर्मचारीहरुले यस कार्यालयको वेव साइट https/phalewasmun.gov.np मा राखिएको तह वृद्धिको आवेदन फाराम डाउनलोड गरी नेपाली कागजमा प्रिन्ट गरी फाराममा उल्लेखित विवरण खुलाई २ प्रति तयार गरी सम्वन्धित शाखा प्रमुखबाट प्रमाणित गराई मिति २०८३/०३/२६ गते कार्यालय समयभित्र कार्यालयको प्रशासन शाखामा बुझाउनुहुन सुचित गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका अपुरो विवरण भरी पेश भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदनलाई स्तरवृद्धिको प्रक्रियामा सामेल नगराइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

१)स्थानीय स्वास्थ्य सेवा बाहेकको अन्य सेवामा कार्यरत कर्मचारीको हकमा:

क. अधिकृतस्तर छैठौं, आठौं र दशौं तह (प्राविधिक/अप्राविधिक) को पदमा तह वृद्धिको लागि क्रमशः सहायक पाचौं, अधिकृतस्तर सातौं र अधिकृतस्तर नवौं तहको पदमा पाँच वर्ष सेवाअवधि पुरा भएको हुनुपर्ने,

ख. अधिकृतस्तर छैठौं, आठौं र दशौं तह (प्राविधिक/अप्राविधिक) को पदमा तह वृद्धको लागि क्रमशः सहायक पाँचौं, अधिकृतस्तर सातौं र अधिकृतस्तर नवौं तहको पदमा पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कनमा कम्तीमा ९५ अंक प्राप्त गरेको हुनुपर्ने,

ग. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३१ बमोजिम तह वृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्ने,

२)स्थानीय सेवाको स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको हकमा:

क. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ को उपदफा (२) बमोजिम (स्वास्थ्य सेवा ऐन, २०५३ एवं नियमावली, २०५५ बमोजिमको सेवा सर्त र अवधि पुरा गरेको हुनुपर्ने),

ख. स्वास्थ्य सेवा ऐन, २०५३ एवं नियमावली, २०५५ बमोजिम स्तर वृद्धिको लागि आवश्यक पर्ने निम्न कागजात संलग्न गर्नुपर्ने,

ग. स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ (क) बमोजिम नकरात्मक सूचिमा नपरेको हुनुपर्ने,



CamScanner

फोन नं.: ०६७-४३०१०२, १०३, १०४

फलेवास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल

प.सं.: ०८२/८३
च.नं.:

घ. स्वास्थ्य सेवा नियमावली, २०५५ अनुसुचि (११) बमोजिमको अति दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको अवधिको शाखा प्रमुखबाट प्रमाणित सिफारिस पत्र, (अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको रुजु हाजिरी एवं अवधी खुल्ने कागजातहरु कामकाज गर्न खटाइएको पत्र रमना पत्र र हाजिरीको जानकारी पत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने)

ङ. साविक नेपाल स्वास्थ्य सेवाको पदमा नियुक्ति भएका कर्मचारीहरुले यस कार्यालयमा समायोजन भएको पत्रको प्रतिलिपि,

च. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३१ बमोजिम तह वृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्ने।

३) स्थानीय सेवाको सबै सेवामा कार्यरत कर्मचारीहरुले आवेदन साथ खुलाउनुपर्ने तथा संलग्न गर्नुपर्ने अन्य कागजातहरु:

क. आवेदन फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमको विवरण स्पष्ट खुलाउनुपर्ने छ,

ख . सुरु नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,

ग. तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्ति वा स्तर वृद्धिको प्रमाणित प्रतिलिपि,

घ. कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम यस फलेवास नगरपालिकामा समायोजन भएको पत्र र पदस्थापन पत्रको प्रमाणित प्रतिलिपि,

ङ. अद्यावधिक कर्मचारी विवरण (PIS) ।

२०८२/६/१२

भोला प्रसाद चापागाईं
प्रमुख प्रशासकीय अधिकृत



CamScanner